यस्तो नहोस्
सभासद्को नियत

यस्तो नहोस्
सभासद्को नियत

अर्जुन दाहाल
दीपज्योति श्रेष्ठ
नबिन सिल्वाल

Taneri Chaso

© तन्नेरी चासो

ISBN: 978 9937 8731 3 0

संस्करण: सन् २०१४ मे

आवरण सज्जा: युवक श्रेष्ठ

किताबमा उल्लेख भएका समाचारहरूको कटिङ तन्नेरी चासोको वेबसाइट www.tannerichaso.net मा हेर्न सकिनेछ ।

हाम्रो कुरा

विगत केही वर्ष यताका राजनीतिक अभ्यास र राजनीतिक दलका नेताहरूको व्यवहारले धेरैजसो नेपालीहरूमा राजनीतिप्रति नै रुचि घट्दै गएको छ । उनीहरू सकेसम्म यसबाट टाढा हुन चाहन्छन्। अझै युवा वर्ग त राजनीतिक कर्मलाई षड्यन्त्र, तिकडम र सीमित व्यक्तिका रुचि पूरा गर्ने अभ्यासको रूपमा बुझ्दछन् । राजनीतिमा सहभागिताको कुरा गर्‍यो भने एउटा युवाको सीधा जवाफ हुन्छ 'म राजनीतिलाई घृणा गर्छु ।' यस्तो हुनुको मुख्य कारण खस्किँदै गएको नेपाली राजनीतिको गरिमा र दलका नेताहरूको आचरण नै हो । नेताहरूले जनप्रतिनिधिको रूपमा नागरिकको गरिमा बढाउने र सेवाका लागि काम गर्नेभन्दा आफ्नै सेवासुविधाका लागि ध्यान दिने गरेका छन् । फलस्वरूप राजनीतिक प्रक्रियामा आम सहभागिता खस्किएको छ र नागरिकमा राजनीति र दलका नेताहरूप्रति नै नैराश्यता बढ्दै गएको छ ।

राजनीतिक पद्धति र लोकतान्त्रिक प्रक्रिया बसाउन नसक्दा थुप्रै कुरा सीमा बाहिर गएको छ। सार्वजनिक सेवा र सुविधाका क्षेत्रमा बेथिति बढेको छ। जसले गर्दा आम नागरिक आफूले पाउनुपर्ने आधारभूत सेवा र सुविधाबाट वञ्चित भएका छन्। लोकतान्त्रिक समाजमा राजनीतिक क्रियाकलाप र निर्णय प्रक्रियामा आम नागरिकको संलग्नता/सहभागिता अपरिहार्य छ । अधिकार र सेवासुविधाका विषयमा हुने राजनीतिक र नीतिगत संवाद तथा बहसमा नागरिक सहभागिता जरूरी हुन्छ । यसकारण राजनीतिको गरिमा बढाउन र जनप्रतिनिधिलाई नागरिकप्रति उत्तरदायी बनाउनु आवश्यक छ। राजनीतिले सिर्जना गरेको बेथितिलाई मुकदर्शक भएर हेरिरहने होइन, राजनीतिज्ञको जवाफदेहीका लागि समयसमयमा प्रश्न गर्न सक्नुपर्छ ।

वि.सं. २०६४ सालमा संविधानसभाको निर्वाचन हुँदा आम नागरिकमा निकै उत्साह थियो । राजनीतिक परिवर्तनको लाभ आम नागरिकले पाउने आशा थियो। तर, पहिलो संविधानसभाले आफूले बाचा गरे अनुसार संविधान निर्माण गर्न सकेन। संविधान निर्माण गर्न नसकेको मात्र होइन, नेपालको इतिहासमा

सबैभन्दा समावेशी भनिएको यस सभाका थुप्रै सभासद्हरूको गतिविधि र गलत आचरणले त आम नागरिकलाई अरु बढी निराश बनायो। वि.सं. २०७० साल मंसिरमा दोस्रो संविधानसभाको निर्वाचन हुने भएपछि, 'तन्नेरी चासो'मा संलग्न युवाहरूले पहिलो संविधानसभाका सदस्यले गरेका ती गलत क्रियाकलापहरूको लगत (सूची) उतारे र राजनीतिक दल तथा राजनीतिज्ञको जवाफदेहीको माग गर्दै विभिन्न अभियान सञ्चालन गरे ।

यसले निर्वाचन पूर्व गलत आचरणमा संलग्न व्यक्तिहरूलाई उम्मेदवार नबनाउन राजनीतिक दललाई अनुरोध गऱ्यो। 'स्वच्छ निर्वाचन, योग्य प्रतिनिधित्व' भन्ने नागरिक अभियानमा संलग्न भई भ्रष्टाचार र अधिकार हननमा संलग्न उम्मेदवारलाई मत नदिन मतदाताहरूलाई आह्वान पनि गऱ्यो । विगतमा जनप्रतिनिधिहरूले गरेका गल्ती र उनीहरूले गरेका चित्त नबुझ्दा बुँदाहरू सङ्कलन गरेर मत माग्न आउने उम्मेदवारहरूसँग त्यस्ता गल्ती नगर्ने लिखित प्रतिबद्धता गराउन तन्नेरी चासोले विभिन्न १७ जिल्लामा अभियान पनि चलायो ।

अहिले दोस्रो संविधानसभा निर्माण भएको छ । यस सभाका प्रतिनिधिले अघिल्लो सभाका सभासद्हरूले गरेका गलत आचरण नदोहोऱ्याऊन् भनेर तन्नेरी चासोले निगरानी र खबरदारी अभियान सञ्चालन गरेको छ। यही अभियान अन्तर्गत अघिल्लो संविधानसभाका सदस्यहरूले गरेका गलत क्रियाकलापहरू र त्यसको विश्लेषण गरेर यो प्रकाशन तयार गरिएको छ । विगतको समीक्षा राम्रोसँग गर्न सके मात्र वर्तमान सुधार गर्न सकिन्छ। विगतका गल्ती सुधार्न सकिन्छ भन्ने विश्वासका साथ यो सामग्री तयार गरिएको हो। राजनीतिमा संलग्न केही खराब आचरण भएका व्यक्तिहरूका कारण युवाहरू निराश हुने होइन, राजनीतिज्ञलाई जवाफदेही बनाउँदै लानुपर्छ भन्ने उद्देश्यका साथ यो अभियान सञ्चालन गरिएको हो र यो अभियान निरन्तर रूपमा अघि बढ्नेछ।

विगतमा भ्रष्टाचार र अधिकार उल्लङ्घनका घटनामा संलग्न भएका धेरै उम्मेदवारहरूलाई यस पटक जनताले पराजित गराइदिएका छन्। यद्यपि, यस प्रकाशनमा गलत क्रियाकलापमा संलग्न भएको भनेर उल्लेख भएका नाममध्ये कतिपय दोस्रो संविधानसभामा पनि प्रतिनिधित्व गरिरहेका छन्। उनीहरूलाई यस पटक पनि मतदाताले गलत आचरणमा संलग्न हुन र आफ्ना लागि मात्र काम गर्न मत दिएका चाहिँ पक्कै हैनन्। बरु, विगतमा भएका गल्तीप्रति आम नागरिकसँग क्षमा माग्दै आगामी दिनमा गल्ती नदोहोऱ्याउने प्रतिबद्धता

गरेकै कारण जनताले प्रतिनिधि बनाएर पठाएका हुन्। त्यसैले ती सभासद्हरूले जनतासँग गरेका प्रतिबद्धता हेक्का राख्न जरूरी छ।

कम्तीमा यस प्रकाशनमा उल्लेख गरिए जस्तो गलत आचरणमा सभासद्हरू संलग्न भएनन् भने पनि हाम्रो समाजमा राजनीतिक दलका नेता र जनप्रतिनिधिहरूको गरिमा बढ्दै जानेछ। राजनीतिक क्रियाकलापमा नागरिकको संलग्नता विस्तारित हुनेछ। जनप्रतिनिधिलाई उत्तरदायी बनाउन आगामी दिनमा दोस्रो संविधानसभाका सदस्यहरूका क्रियाकलापलाई तन्नेरी चासोले निरन्तर अनुगमन गरिरहेको छ। उनीहरूले गर्ने सकारात्मक योगदान र नकारात्मक क्रियाकलाप तन्नेरी चासोको वेबसाइट www.tannerichaso.net/cawatch मा राख्दै यसले निरन्तर रूपमा निगरानी र खबरदारी अभियान सञ्चालन गर्नेछ।

यो आलेख त्यही खबरदारीको एउटा सानो अंश मात्रै हो। यसमा उल्लेख गरिएका सबै घटनाहरू नकारात्मक छन्। पढ्दै गर्दा राजनीतिप्रति आशा गर्ने ठाउँ नै नभएको हो कि भन्ने पनि लाग्न सक्छ। यस प्रकाशनको अर्थ त्यसो होइन, यसको अर्थ राजनीतिज्ञ र जनप्रतिनिधिहरूका व्यवहार र क्रियाकलापलाई निर्वाचन पश्चात् पनि नागरिकहरूले नियालिरहेका छन् र उनीहरूले गर्ने प्रत्येक क्रियाकलापहरूले समाजमा असर छाडिरहेको हुन्छ भन्ने हो। तसर्थ, यस्ता क्रियाकलापहरूलाई दस्तावेज गरिनुपर्छ भन्ने सन्देश दिनैका लागि पनि यसलाई प्रकाशित गरिएको हो।

यो आलेख प्रकाशनका लागि रचनात्मक सरसल्लाह प्रदान गर्ने हिम्स कलेज दोलखाका प्राचार्य प्रेमप्रसाद अधिकारी, पुस्तक प्रकाशनका सन्दर्भमा गरिएका खोज अनुसन्धानमा सहयोग गर्नुहुने तिलक पाठक, प्रेम सापकोटा, शेहनाज बानु र स्वागतराज पाण्डेको योगदान अतुलनीय छ। यस पुस्तकमा आवश्यक सामग्रीहरूको खोजी कार्यमा सहयोगका लागि तन्नेरी चासोमा आबद्ध, सृजन भट्टराई, गणेश ढकाल, रमेश श्रेष्ठ, संगीता कुँवर र गणेश बुढाथोकीप्रति पनि हामी आभारी छौं।

यसका साथै अनुसन्धान कार्यमा संलग्न टोलीलाई आफ्नो अभिलेखालयबाट पत्रपत्रिका उपलब्ध गराइदिनुहुने मार्टिन चौतारीप्रति पनि हामी आभारी छौं।

– तन्नेरी चासो

पृष्ठभूमि

नेपालमा संविधानसभाको विषय वि.सं. २००७ सालमा नै बहसमा आएको हो । राजा त्रिभुवनले फागुन ७ गतेको घोषणामा नै विधानसभाको विषय उल्लेख गरेका थिए भने २००८ साल फागुन ६ गते विधानपरिषद् निर्वाचनको विषयमा एक इस्तिहार जारी भएको थियो। त्यसपछि राजा त्रिभुवनबाट भएका घोषणा र सन्देशहरूमा पनि संविधानसभाको विषयलाई पटकपटक उठाइयो। तर, संविधानसभाको चुनाव भने हुन सकेन । राजा त्रिभुवनको मृत्युपछि २०१२ सालभरि विधानपरिषद् कि सीधै संसद्को निर्वाचन भन्ने छलफलको विषय बनिरह्यो ।

नेपाली कांग्रेस, नेपाली राष्ट्रिय कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी सबैले विधानसभाको पक्षमा धारणा राख्दै आएका थिए भने नेपाली कांग्रेसका नेता बीपी कोइरालाले त संविधानसभा बाहेकको निर्वाचन नै बहिष्कार गर्ने धम्की दिए । तर, पछि २०१५ फागुन ७ गते आमचुनाव गर्ने घोषणा गरियो । त्यसको एक महिनापछि माघ १८ गतेको अर्को शाही घोषणामा आमनिर्वाचन संविधानसभाका लागि नभएर संसद्का लागि गरिने जानकारी दिइयो । विधानसभाको पक्षमा आफ्नो धारणा राख्दै आएका दलहरूले यस घोषणापछि आफ्ना सबै अडान बिर्सिएर २०१५ फागुनको निर्वाचनमा होमिए। त्यसको एक वर्षपछि राजा महेन्द्रले संसद् भङ्ग गरी देशमा पञ्चायती शासन सुरु गरे।

यता २०१७ सालपछि भएको नेपाल कम्युनिष्ट पार्टीको दरभङ्गा प्लेनममा संविधानसभाको प्रस्ताव बहुमतले पारित भयो र यसलाई नेकपा चौथो महाधिवेशन (चौम) ले निरन्तर उठाइरह्यो । वि.सं. २०२३ सालमा नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा संविधानसभाको आवश्यकताबारे आवाज उठे पनि प्रभावकारी ढङ्गले अघि आउन सकेन। वि.सं. २०४६ सालको आन्दोलनको सफलतापछि संविधानसभामार्फत संविधान बनाउने प्रसङ्ग उठे पनि यो माग ओझेलमा पर्‍यो। प्रजातन्त्र पुन:स्थापनाको चार वर्ष नबित्दै नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले गणतन्त्र स्थापनाका लागि सशस्त्र युद्ध

सुरु गरे। नयाँ संविधानको कुरा गरिरहेका माओवादीहरूले पहिलो युद्धविरामको समयमा संविधानसभाको कुरा उठाए। त्यसपछि यो माग बुद्धिजीवीहरूका बीच पनि बहसको विषय बन्यो।

नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायत दलका भ्रातृ सङ्गठनहरू विशेषगरी विद्यार्थी र युवा जमातले यो मागलाई बहसको केन्द्रबिन्दुमा ल्याए र अन्ततः राजनीतिक दलहरू संविधानसभाको पक्षमा निर्णय गर्न बाध्य भए। दलहरूको २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनले इतिहासमा थाती रहेको यो एजेण्डालाई स्थापित गरिदियो। त्यही आन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाले नेपालमा संविधानसभामार्फत संविधान लेखिनुपर्ने मागसहित सशस्त्र द्वन्द्वमा होमिएको नेकपा माओवादीलाई शान्तिपूर्ण मूलधारमा ल्यायो। वि.सं. २०६४ चैत २८ गते नेपालको इतिहासमा पहिलो पटक संविधानसभाको निर्वाचन भयो। दुई वर्षमा नयाँ संविधान लेखिसक्ने भनेर गठन भएको संविधानसभाले पटकपटक आफ्नो म्याद थपेर चार वर्ष पुऱ्यायो। तर, संविधान लेख्न सकेन।

संविधानसभाको ऐतिहासिक पक्षको विवेचना गर्नुको कारण राजनीतिमा यो ठूलो संघर्षपछि प्राप्त भएको उपलब्धि भएकाले हो। यसरी ठूलो संघर्षपछि गठन भएको संविधानसभाले आफ्नो जिम्मेवारी अनुसार संविधान निर्माण गर्न सकेन भने अर्कोतिर कतिपय सभासद्हरू गैरकानुनी क्रियाकलापमा संलग्न हुँदा एउटा मर्यादित संस्थाको उपहास हुन पुग्यो। राजनीतिज्ञहरू सर्वसाधारणको आक्रोशको तारो बने। सर्वसाधारण पनि खबरदारीको सट्टा गाली गर्नमै व्यस्त भए। दलहरूबीच तिक्तता बढ्दै गयो। यसैको परिणामस्वरूप सर्वोच्च अदालतको फैसलामा उल्लेख भएको समयावधिभित्र संविधानसभाले संविधान निर्माण गर्न सकेन र अन्ततः संविधानै नबनाई संविधानसभा विघटन भयो।

संविधानसभाको विघटनसँगै मुलुकको संसदीय लोकतान्त्रिक राजनीति नै ट्र्याक बाहिर गयो। दलहरूबीचको आपसी कलह र एकले अर्कोको नेतृत्व स्वीकार गर्न नसकेकै कारण मुलुकको शासन प्रशासनको नेतृत्व राजनीतज्ञभन्दा बाहिर गयो। सर्वोच्च अदालतका प्रधान न्यायाधीशको नेतृत्वमा पूर्व प्रशासकहरू सम्मिलित चुनावी मन्त्रिपरिषद् गठन भयो। यो मन्त्रिपरिषद्ले २०७० साल मंसिर ४ गते दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न गऱ्यो। निर्वाचनसँगै

चित्र १: सभासद्हरूको गलत क्रियाकलापाको सारांश



संसदीय राजनीति ट्र्याकमा आएको छ र अहिले दोस्रो संविधानसभामार्फत संविधान निर्माणको काम सुरु भएको छ। यसरी जनताबाट निर्वाचित संस्थाले गरेका कामकारबाहीको खबरदारी गर्नु नागरिकको दायित्व पनि हो ।

त्यही खबरदारी अभियान अन्तर्गत यस पटक तन्नेरी चासोमा सहभागी हामी युवाहरूले सभासद्हरूलाई उनीहरूको कामको आधारमा खबरदारी गर्न सुरु गरेका छौं । यो प्रकाशन पनि त्यही खबरदारीको एउटा अङ्ग हो । विगतका सभासद्हरूबाट भएका कमीकमजोरी र गल्तीको दस्तावेज राख्दै आगामी दिनमा सभासद्हरूबाट त्यस्तो गतिविधि नहोस् भनेर सजग गराउनै यो आलेख प्रकाशन गरिएको हो ।

आलेख तयारीको विधि

यस प्रकाशनमा उल्लेख भएका घटनाहरू पहिलो संविधानसभाका सदस्यहरूबाट भएका गलत क्रियाकलाप र आचरणका प्रतिनिधि उदाहरणको रूपमा सङ्कलन गरिएको हो । दोस्रो संविधानसभा निर्वाचन पूर्व तन्नेरी चासोले पहिलो संविधानसभाका सदस्यले गरेका धेरैजसो गलत क्रियाकलापहरूलाई सूचीबद्ध गरी उम्मेदवार प्रतिबद्धता पत्र तयार गरेको थियो ।[१] यस प्रकाशनमा उल्लेखित घटना तथा सन्दर्भ उक्त पत्रमा उल्लेखित बुँदाहरूमा आधारित छन् ।

उल्लेखित घटना तथा सन्दर्भहरू पहिलो संविधानसभाको चार वर्षे अवधि (२०६५-२०६९) मा काठमाडौँबाट प्रकाशित हुने ६ दैनिक पत्रिकाहरू – *कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका, सौर्य दैनिक* र *नेपाल समाचारपत्र*मा प्रकाशित समाचारबाट लिइएको छ। अख्तियार दुरुपयोग र गलत आचरणसँग सम्बन्धित फरक खाले प्रकृतिका प्रतिनिधिमूलक घटना तथा सन्दर्भहरू यस प्रकाशनमा उल्लेख गरिएको छ। राजनीतिज्ञले सामान्य भूलको रूपमा चित्रण गर्ने गरेका तर नागरिकहरूले गलत आचरणको रूपमा लिएका र माथि उल्लेखित दैनिकहरूले प्रकाशन गरेका घटना तथा सन्दर्भहरू पनि प्रकाशनमा समेटिएको छ । दैनिक पत्रिकाहरूमा प्रकाशित सम्बन्धित समाचारहरूको हुबहु तथा कतिपय अवस्थामा अर्थ फरक नपर्ने गरी घटना तथा सन्दर्भहरू उल्लेख गरिएको छ। सङ्कलित समाचारहरूलाई घटनाको आधारमा अपराध, अनुत्तरदायी, नैतिक प्रश्न, भ्रष्टाचार र पदीय दुरुपयोग गरी पाँच खण्डमा वर्गीकरण गरेर उल्लेख गरिएको छ।

यस प्रकाशनमा उल्लेख गरिएका घटना तथा सन्दर्भहरू प्रतिनिधिमूलक हुन्। उक्त घटना तथा सन्दर्भहरूका विषयमा विस्तृत समाचार हाम्रो अनलाइन ठेगाना www.tannerichaso.net/cawatch मा हेर्न सकिन्छ ।

१ प्रतिबद्धता पत्रको नमुना अनुसूची १ मा राखिएको छ ।

आलेखको सीमा

पहिलो संविधानसभाको चार वर्षे अवधि (२०६५-२०६९) मा काठमाडौंबाट प्रकाशित हुने ६ दैनिक पत्रिकाहरू – *कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका, सौर्य दैनिक* र *नेपाल समाचारपत्र*मा प्रकाशित समाचारका आधारमा यो आलेख तयार गरिएको हो । यसमा पनि मुख्यत: पहिलो पृष्ठमा प्रकाशित समाचारहरूलाई आलेख तयार बनाउने क्रममा प्राथमिकता दिइएको छ । धेरैभन्दा धेरै घटना तथा सन्दर्भहरू यस प्रकाशनमा समावेश गराउने कोसिस गरिए पनि ससाना घटना र समाचार यसमा पर्न सकेका छैनन्। यस हिसाबले कतिपय घटना र त्यससँग सम्बन्धित समाचारहरू छुटेको पनि हुन सक्छ।

सङ्कलित समाचारहरूलाई घटनाको आधारमा अपराध, अनुत्तरदायी, नैतिक प्रश्न, भ्रष्टाचार र पदीय दुरुपयोग गरी पाँच खण्डमा वर्गीकरण गरे पनि कतिपय प्रसङ्गमा एउटा घटना एकभन्दा बढी समूहमा पर्न पनि सक्छ। त्यस्तो अवस्थामा त्यो घटना र समाचारको प्रकृति हेरी त्यस्ता घटना वा समाचारलाई एउटा शीर्षक अन्तर्गत मात्रै राखिएको छ । जस्तो गलत आचरणजन्य समाचारलाई अख्तियार दुरुपयोगका घटना तथा सन्दर्भहरूसँग एकै शीर्षकमा राखी प्रस्तुत गरिएको छ । पुस्तकमा उल्लेखित सबै घटना दैनिक पत्रिकाहरूका समाचारहरूमा आधारित छन् । कतिपय अवस्थामा पत्रपत्रिकामा आएका समाचारहरू सही नहुन सक्छन्। यदि समाचारहरू सही नभएको हामीलाई जानकारी गराइदिनु भएको खण्डमा हामी हाम्रो अनलाइनमा त्यसलाई राख्नेछौं ।

अपराध

अघिल्लो संविधानसभामा प्रतिनिधित्व गर्ने कतिपय सभासद्हरू आपराधिक क्रियाकलापमा संलग्न भएको समेत पाइयो । त्यसैका कारण केही सभासद् फरार भए भने कतिपयको अपराध पुष्टि भएपछि सभासद् पद नै खारेज भयो । प्रहरीको खोजीमा रहेका, फौजदारी अभियोग लागेका र हिंसात्मक गतिविधिमा संलग्न भएका घटनाका समाचारहरूलाई यस शीर्षक अन्तर्गत समावेश गरिएको छ ।

- २०६४ भदौ १६ मा काठमाडौंमा भएको बम काण्ड तथा २०६४ चैत ७ मा रौतहटको गौरमा भएको नरसंहार घटनामा संलग्न भएको भनिएका बबन सिंह रौतहटको क्षेत्र नं. १ बाट स्वतन्त्र उम्मेदवारी दिई विजयी भएका थिए। उनलाई प्रहरीले खोजिराखेको थियो। संविधानसभाको पहिलो बैठक हुने अघिल्लो दिन भएको शपथग्रहणमा उनले आफ्नो उपस्थिति जनाएका थिए। यस घटनामा प्रहरी बेखबर देखिएको थियो (*कान्तिपुर दैनिक,* २०६५ जेठ १५, पृ. १)। उनले आफूले संविधानसभा भवनमा गएको प्रक्रियाका बारेमा पत्रकारहरूसँग कुराकानी गरेका थिए (*अन्नपूर्ण पोष्ट,* २०६५ जेठ १५, पृ. १)। पछि पनि आपराधिक कार्यमा संलग्न भएको भन्दै प्रहरीले उनलाई पक्राउ पुर्जी जारी गरेको थियो (*नागरिक दैनिक,* २०६८ मंसिर १७, पृ. १)।
- सभासद् श्यामसुन्दर गुप्तालाई व्यापारी पवन साँघाई अपहरणमा संलग्न भएको भन्दै प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गऱ्यो। आफ्नै घरबाट पक्राउ परेका गुप्ता सद्भावना पार्टीका अध्यक्ष समेत थिए। अपराध पुष्टि भएपछि उनको सभासद् पद खारेज भएको थियो (*कान्तिपुर दैनिक,* २०६८ वैशाख ५, पृ. ३)।
- ओखलढुङ्गा जिल्लाको क्षेत्र नं. २ बाट विजयी भएका एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् बालकृष्ण ढुंगेललाई सर्वोच्च अदालतले २०६६ पुस १९ गते उज्जनकुमार श्रेष्ठको हत्या पुष्टि गर्दै

सर्वस्वसहित आजीवन कैदको फैसला सुनाएको थियो। आजीवन जन्मकैदको फैसला भए पनि उनलाई प्रहरीले पक्राउ गर्न सकेन । उल्टै उनको मुद्दा फिर्ता लिन माओवादी नेता कृष्णबहादुर महराले मन्त्रिपरिषद्मा प्रस्ताव लगेका थिए (*कान्तिपुर दैनिक*, २०६८ साउन ४, पृ. १)। प्रस्ताव लगेको तीन महिनापछि सरकारले उनको मुद्दा फिर्ता लिन राष्ट्रपतिसँग सिफारिस गरेको थियो (*नागरिक दैनिक*, २०६८ कात्तिक २३, पृ. १)। सिफारिस कार्यान्वयन नगराउनू भन्ने सर्वोच्च अदालतको आदेशले उनले आममाफी पाएनन् (*कान्तिपुर दैनिक*, २०६८ कात्तिक २८, पृ. १)। प्रहरीका नजरमा फरार भएका सभासद् ढुंगेल प्रहरी प्रमुखसँगै बसेको तस्बिरहरू पनि पत्रिकामा छापिएका थिए (*अन्नपूर्ण पोष्ट*, २०६८ माघ १६, पृ. १)।

चित्र २: अपराध



- रौतहट जिल्लाको क्षेत्र नं. ३ बाट निर्वाचित एकीकृत नेपाल कम्युनिष्ट पार्टी (एमाओवादी) का सभासद् एवं भूमिसुधार मन्त्री प्रभु साहलाई हिन्दू युवा संघ अध्यक्ष कासी तिवारीको हत्यामा संलग्न रहेको भन्दै पर्सा प्रहरीले पक्राउ पुर्जी जारी गरेको थियो (*कान्तिपुर दैनिक*, २०६८ असोज १०, पृ. १)। प्रहरीले आवश्यक अनुसन्धान गरी मुद्दा दायरका लागि सरकारी वकिललाई मिसिल पेश गरेको भए पनि सरकारी वकिलको कार्यालयले ६ वटा बुँदामा थप अनुसन्धान गर्न प्रहरीलाई फाइल फिर्ता दिएको थियो (*नागरिक दैनिक*, २०६८ असोज २४, पृ. ३)। प्रहरीले मुद्दा चलाउने तयारी गरेपछि साह सम्बद्ध पार्टी एकीकृत माओवादीका जनवर्गीय सङ्गठनहरूले रौतहट जिल्ला बन्द गराएका थिए (*नागरिक दैनिक*, २०६८ असोज २५, पृ. २)। आरोप लुकाउनका लागि साहले पीडित तिवारी परिवारलाई आर्थिक प्रलोभन दिएको परिवारले पत्रकार सम्मेलन गरी जानकारी दिएको थियो (*नागरिक दैनिक*, २०६८ असोज २६, पृ. १)। प्रहरीले साह संलग्न भएको भन्दै

मिसिल बुझाए पनि जिल्ला सरकारी वकिलको कार्यालयले साह विरुद्ध मुद्दा दायर नगरी 'सुनियोजित उन्मुक्ति' दिएको कानुन व्यवसायीहरूले बताएका थिए (*नागरिक दैनिक*, २०६८ असोज २६, पृ. ३)। हत्या आरोप लाग्दा समेत मन्त्री पदमा आसीन रहेका साहलाई संसद्मा विपक्षीहरूले राजीनामा गर्न दबाब दिएपछि उनले राजीनामा दिए (*कान्तिपुर दैनिक*, २०६८ असोज ३०, पृ. १)।

- काभ्रे जिल्लाबाट निर्वाचित भएका एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् सूर्यमान दोङ स्थानीय अर्जुन लामाको हत्या आरोपमा प्रहरीको खोजीमा रहेका थिए। अर्जुन लामाको हत्या आरोपमा उनीमाथि मुद्दा दायर भएको थियो। प्रहरीले खोजिरहेकै अवस्थामा उनी ऊर्जा राज्यमन्त्री बनाइएका थिए (*नागरिक दैनिक*, २०६८ कात्तिक २४, पृ. २)।

अनुत्तरदायी

सभासद्हरूले आफूले गर्नुपर्ने काम र कर्तव्य पूरा नगरेको सम्बन्धी समाचारहरूलाई यस शीर्षक अन्तर्गत राखिएको छ। यसमा आफ्नो सम्पत्ति विवरण नबुझाएको, संविधानसभाको बैठकमा भाग नलिई अन्य काममा संलग्न भएको, जिल्ला जानका लागि पेश्की लिएर पनि जिल्ला नगएको, संविधानसभाभित्रै नाराबाजी र जुलुस गरेको जस्ता समाचारलाई यस शीर्षक अन्तर्गत समावेश गरिएको छ।

- नयाँ संविधान निर्माणका लागि जनताको राय-सुझाव संकलन गर्न विभिन्न जिल्लामा खटिएका दुई दर्जन भन्दा बढी सभासद् जिल्ला पुगेनन् ।[२] त्यसमध्ये केही सभासद्ले सुझाव संकलनका लागि जिल्ला जान भनेर संविधानसभा सचिवालयबाट ४१ हजार ५० का दरले पेश्की समेत बुझिसकेका थिए। जिल्ला पुगेकाहरूमा पनि केही सभासद् सुझाव संकलन कार्यमा आकलझुकल मात्रै देखिने गरेका थिए (*नयाँ पत्रिका*, २०६५ फागुन २६, पृ. १)।
- भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार सार्वजनिक पदधारण गरेको ६० दिनभित्र अनिवार्य रूपमा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई धेरै सभासद्हरूले पालना गरेनन् (*नयाँ पत्रिका*, २०६६ पुस ४, पृ. ५)।[३]
- संविधानसभा नियमावली अनुसार लगातार १० वटा बैठकमा उपस्थित नहुने सभासद्को पद स्वत: खारेज हुने प्रावधान रहेको थियो । यस

चित्र ३: अनुत्तरदायी



२ जिल्ला नपुग्ने सभासद्हरूको नाम अनुसूची २.१ मा उल्लेख गरिएको छ

३ सम्पत्ति विवरण नबुझाउने सभासद्हरूको नाम अनुसूची २.२ मा उल्लेख गरिएको छ।

प्रावधानलाई प्रमुख दलका मुख्य नेताहरू गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, राजेन्द्र महतो, पुष्पकमल दाहाल, रामबहादुर थापा 'बादल', विजयकुमार गच्छदार र शेरबहादुर देउवाले नै अवज्ञा गरेका थिए (*नयाँ पत्रिका,* २०६६ पुस २६, पृ. १)।

- धेरै पटक संसद्को बैठकमा भाग लिने सभासद्को कोरम नपुगेको कारण बैठक नै बस्न सकेको थिएन (*कान्तिपुर दैनिक,* २०६७ चैत १, पृ. ३)। सभासद्हरू संविधानसभाको बैठकमा त उपस्थित भए तर उनीहरूले संविधानसभाका बैठकमा पूरै समय दिएनन्। संविधानसभामा उपस्थिति जनाएर सभासद्हरू अन्य विभिन्न कार्यक्रमहरूमा भाग लिन गए (*नागरिक दैनिक,* २०६७ चैत २२, पृ. २)।[४] बैठकमा उपस्थित रहेका सभासद्हरूले पनि संविधानका बारेमा विषयगत समितिहरूमा भएका छलफलहरूमा कुनै विचार राखेनन् (*अन्नपूर्ण पोष्ट,* २०६९ असार २४, 'सभा', पृ. ३)।[५]
- सभासद्हरूले संसद् भवनभित्र धर्ना जुलुस गर्न नपाइने सरकारी नियमको आफैंले उल्लङ्घन गरेका थिए। बैठकमा दलित, जनजाति मुस्लिम लगायतका मुद्दामा ध्यान नदिइएको भन्दै दलित जनजाति पार्टीका सभासद् विश्वेन्द्र पासवानले संसद् सचिवालयमा बसेको संवैधानिक समितिको बैठकमा आफू बसिरहेको कुर्सी झ्याल बाहिर फ्याँकेका थिए (*कान्तिपुर दैनिक,* २०६७ चैत १९, पृ. ४)।
- संविधानसभामा आफूले उठाएका मुद्दामा बहस नभएको भन्दै चार सभासद् सद्रुल मियाँ (स्वतन्त्र), नेपाः पार्टीका बुद्धरत्न मानन्धर, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी रुकमीणि चौधरी र दलित जनजातिका विश्वेन्द्र पासवानले सदनमा नाराबाजी गरी आन्दोलन गरेका कारण संविधानसभाको कामकारबाही लामो समय ठप्प रह्यो (*कान्तिपुर दैनिक,* २०६८ वैशाख २८, पृ. १)। सभासद्हरूले आन्दोलन गर्दागर्दै सदन सञ्चालन गर्ने प्रयास समेत भएको थियो। लामो समय संसद् अवरुद्ध

४ बैठक छोडेर अन्य कार्यक्रमहरूमा भाग लिने सभासद्हरूको नाम अनुसूची २.३ मा उल्लेख गरिएको छ।

५ संविधानको विषयगत समितिको छलफलमा कुनै पनि विचार नराख्ने सभासद्हरूको नाम अनुसूची २.४ मा उल्लेख गरिएको छ।

भएपछि ती चार सभासद्हरूलाई सात दिनका लागि सभासद् पदबाट निलम्बन गरिएको थियो (*कान्तिपुर दैनिक,* २०६८ असार ६, पृ. १)।

- सद्भावना पार्टी आनन्दीदेवीकी सभासद् सरिता गिरीले पार्टीको आधिकारिकता अर्का नेतालाई दिएको विरोधमा संविधानसभामा धर्ना बसेकी थिइन् (*नागरिक दैनिक,* २०६८ मंसिर २९, पृ. २)।
- मधेशी जनअधिकार फोरमका सभासद् सञ्जयकुमार साहले संसद्मा बोल्न समय नपाएको भन्दै संसद् भवनमा माइक तोडफोड गरेका थिए। माइक तोडफोड गरेका साहलाई १० दिन निलम्बन गर्नुका साथै माइकको क्षतिपूर्ति तिराइएको थियो (*नागरिक दैनिक,* २०६८ पुस ८, पृ. ३)।

भ्रष्टाचार

सभासद्‌हरूमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको, अदालतले भ्रष्टाचार ठहर गरेको, नक्कली बिल भरपाई पेश गरी राज्यकोषबाट रकम लिएको, सर्वसाधारणसँग घूस लिएको जस्ता विषय यस शीर्षक अन्तर्गत समेटिएको छ ।

- २०६६ फागुनमा मन्त्रीहरूले जिल्ला घुम्दा नक्कली बिल प्रयोग गरी राज्यबाट दैनिक भ्रमण भत्ता निकासा लिन खोजेको भन्ने समाचार प्रकाशन भएको थियो। सरकारमा रहेका मन्त्रीहरूले नक्कली बिल पेश गरी निकासा लिन खोज्दा त्यसलाई कर्मचारीहरूले अस्वीकार गरेका थिए (*नागरिक दैनिक,* २०६६ फागुन २५, पृ. १)।[६] मन्त्रीहरूले जस्तै नेकपा मालेकी सभासद् जनककुमारी चालिसेले पनि कामै नगरी नक्कली बिल भरपाई पेश गरी संसद् विकास कोषबाट रकम निकासा लिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कागजात नियन्त्रणमा लिएको थियो (*कान्तिपुर दैनिक,* २०६८ असार २७, पृ. ४)।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सभासद् डोलबहादुर कार्कीले प्रहरी निरीक्षक बनाइदिने भन्दै एक लाख रुपैयाँ सर्वसाधारणसँग घूस लिँदालिँदै अख्तियारको टोलीले पक्राउ गरेको थियो (*नागरिक दैनिक,* २०६७ भदौ १५, पृ. १)।
- रातो पासपोर्ट दुरुपयोगको आरोपमा हिरासतमा रहेका मधेशी जनअधिकार फोरमका सभासद् शिवपुजन राय यादवलाई अदालतले रिहा गर्ने आदेश दिएपछि उनी रिहा हुन लाग्दा अख्तियारले भ्रष्टाचारको अनुसन्धान गर्न भनी उनलाई फेरि नियन्त्रणमा लिएको थियो (*नागरिक दैनिक,* २०६८ असोज ४, पृ. २)।

---

६ नक्कली बिल पेश गर्ने सभासद्‌हरूको नाम अनुसूची ३.१ मा उल्लेख गरिएको छ।

- २०६८ फागुन ८ गते मधेशी जनअधिकार फोरमका सभासद् एवं सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ताले अपारदर्शी रूपमा अकुत सम्पत्ति आर्जन गरेको आरोपमा सर्वोच्च अदालतले भ्रष्टाचारी ठहर गर्दै जेल सजाय सुनाएको थियो (*नागरिक दैनिक*, २०६८ फागुन १०, पृ. १)।

चित्र ४: भ्रष्टाचार



- सद्भावना पार्टी आनन्दीदेवीकी सभासद् एवं श्रम तथा यातायात मन्त्री सरिता गिरीले मन्त्रालयमा व्यापक सरुवा गरी भ्रष्टाचारलाई संरक्षण गरेको भन्दै प्रधानमन्त्री बाबुराम भट्टराईले पदच्युत गरे। श्रम विभागमा सुधार थालेका पूर्णचन्द्र भट्टराईलाई सरुवा गरेपछि उनलाई बर्खास्त गरिएको थियो । गिरीले पत्रकार सम्मेलनको आयोजना गरी आफ्नो पार्टी सानो भएका कारण आफूलाई हटाइएको बताएकी थिइन् (*नागरिक दैनिक*, २०६८ चैत ११, पृ. १)।

नैतिक प्रश्न

यस शीर्षक अन्तर्गत सभासद्हरू संविधानसभा बैठकभित्रै कुटपिटमा संलग्न भएको, एकअर्कामाथि अश्लील गालीगलौज गरेको, नामै नखुलाई आफ्नो पी.ए.को तलब बुझेको, कर्मचारीमाथि दुर्व्यवहार गरेको, घूस खुवाएको, पदमुक्त भएपछि पनि सरकारी सेवासुविधा नछोडेको, घरबहाल कर नतिरेको, मादक पदार्थ सेवन गरी सार्वजनिक स्थलमा दुर्व्यवहार गरेको सम्बन्धी समाचारहरूलाई समावेश गरिएको छ । त्यस्तै सार्वजनिक कार्यक्रममा देश टुक्र्याउने धम्की दिएको, जुवाखाल तथा क्यासिनोमा भेटिएको, आम जनतालाई सास्ती दिएको, यौनकर्मीहरूसँग भेटिएको, सभासद् किन्न भन्दै विदेशीसँग रकम माग गरेको, चोरीका गाडी प्रयोग गरेको, नियतवश सरकारी कागजातमा हानि पुऱ्याएको जस्ता घटना सम्बन्धी समाचारलाई पनि यही नैतिक प्रश्न सम्बन्धी शीर्षक अन्तर्गत राखिएको छ । साथै विभिन्न देशको परिचयपत्रहरू साथमा राखेको, आफ्नो परीक्षा दिनका लागि खेताला प्रयोग गरेको, विद्युत् चोरी गरेको, बैठकमा अनुपस्थित भए पनि भत्ता बुझेको, फौजदारी अभियोग लागेर जेलमा रहेका बेला पनि तलब माग गरेको लगायतका विषयहरू समावेश गरिएको छ ।

- संविधानसभाको पहिलो बैठकमा भइरहेको मतदान कार्यमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सभासद् कमला शर्माले नेपाली कांग्रेसका सभासद् पूर्णबहादुर खड्कामाथि चप्पल प्रहार गरिन् (*अन्नपूर्ण पोष्ट,* २०६५ जेठ १६, पृ. ४) । सभासद् शर्माले चप्पल प्रहार आवेगमा नभई योजनाबद्ध रूपमा गरेको र त्यो जनताको माग रहेको *नयाँ पत्रिका*लाई बताएकी थिइन् (*नयाँ पत्रिका,* २०६५ जेठ १७, पृ. १) ।
- केही सभासद्ले नियम अनुसार पाउने आफ्ना सहयोगी (पी.ए.) को नामै नखुलाई तलब लिएको समाचार प्रकाशन भएको थियो (*नयाँ पत्रिका,* २०६५ भदौ ८, पृ. १) ।[७] एकीकृत माओवादीका सभासद् हितमान

७ पी.ए.को नामै नुखलाई तलब लिने सभासद्हरूको नाम अनुसूची ४.१ मा उल्लेख गरिएको छ ।

शाक्यले सहयोगीले पाउने रकम समेत आफैंले खर्च गर्ने गरेको भन्दै शाक्यका स्वकीय सचिव नवीन तामाङले संसद् सचिवालयमा निवेदन पेश गरेका थिए (*नागरिक दैनिक*, २०६८ कात्तिक २०, पृ. २)।

- संविधानसभाका विभिन्न विषयमा जनताको राय बुझ्नका लागि जिल्ला जानुपर्ने कार्यको जिम्मेवारी पाएका बखत नेपाली कांग्रेसका सभासद् कृष्णप्रसाद यादवलाई २०६५ फागुन १७ गते प्रहरीले काठमाडौंबाट यौनकर्मीसँगै पक्राउ गरेको थियो (*नयाँ पत्रिका*, २०६५ फागुन १८, पृ. १)।
- मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का सभासद् शत्रुघन सिंह कोइरी क्यासिनोमा छिरेर जुवा खेले। कोइरी मदिराले मातेको अवस्थामा नयाँ बानेश्वरको क्यासिनो एभरेष्ट छिरेका थिए। क्यासिनोमा विशेष सहुलियत माग गरी जुवा खेलेका उनले आफू क्यासिनोको अनुगमन गर्नका लागि क्यासिनो छिरेको बताएका थिए (*नागरिक दैनिक*, २०६६ पुस ५, पृ. १)। त्यस्तै नेपाली कांग्रेसका सभासद् अच्युतराज पाण्डे काठमाडौंको भोटेबहालमा रहेको एक जुवा खेलाइने घरमा भेटिएका थिए। उनलाई प्रहरीले केही समय नियन्त्रणमा लिएर छाडेको थियो (*नागरिक दैनिक*, २०६७ भदौ २२, पृ. १)।
- लगातार लामो समय संविधानसभामा गयल भएका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू माधवकुमार नेपाल, बाबुराम भट्टराई, कृष्णबहादुर महरा, पुष्पकमल दाहाल, विजयकुमार गच्छदार, झलनाथ खनाल, विष्णु पौडेल, शेरबहादुर देउवाले पुरानो मितिमा बिदा स्वीकृत गराए पनि पूरै समयको पारिश्रमिक बुझेको समाचार प्रकाशन भएको थियो (*नागरिक दैनिक*, २०६६ फागुन २४, पृ. २)। संविधानसभामा प्रतिनिधित्व गर्ने धेरै सभासद्हरूले बैठक नबसेको दिनको भत्ता बुझेको समाचार पनि प्रकाशनमा आएको थियो (*कान्तिपुर दैनिक*, २०६८ असार १, पृ. १)।
- नेपाली कांग्रेसका सभासद् एवं स्वास्थ्य मन्त्री उमाकान्त चौधरीले मन्त्रिपरिषद्को बैठक चलिरहेको अवस्थामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सभासद् एवं गृहमन्त्री भीम रावलमाथि अश्लील शब्द प्रयोग गरी गालीगलौज गरे (*कान्तिपुर दैनिक*, २०६६ चैत ७, पृ. १)। तराई

मधेश लोकतान्त्रिक पार्टी नेपालका सभासद् महेन्द्र यादवले आफूले भने जसरी हुबहु सिफारिस नगरिएको भन्दै सिँचाइ सचिव वृन्दा हाडालाई दुर्व्यवहार गरे (*नागरिक दैनिक*, २०६८ चैत २, पृ. १)।

- नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सभासद् गोविन्द नेपालीले छोरालाई प्रहरीमा जागिर खुवाउनका लागि घूस खुवाएको आरोपमा प्रहरीले पक्राउ गरेको थियो। (*नागरिक दैनिक*, २०६७ भदौ १८, पृ. १)।
- एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का नेता कृष्णबहादुर महराले प्रधानमन्त्री चयनका लागि अन्य पार्टीका सभासद्हरूलाई आफ्नो पक्षमा पार्न एक चिनियाँ व्यापारीसँग रकम माग गरेको टेलिफोन वार्ता समाचारमा प्रकाशित भएको थियो (*नागरिक दैनिक*, २०६७ भदौ १९, पृ. १)। विवादास्पद टेलिफोन वार्ताको छानबिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्न सक्ने सरकारी प्रवक्ताले बताएका थिए (*नागरिक दैनिक*, २०६७ भदौ २०, पृ. १)। समाचार प्रकाशन भएको एक हप्ता बितेपछि मात्र नेता महराले स्वर आफ्नै भएको स्वीकार गरेका थिए (*नागरिक दैनिक*, २०६७ भदौ २८, पृ. १)।

चित्र ५: नैतिक प्रश्न



- नेपाली कांग्रेसका सभासद् कल्याणी रिजालले पसलमा आफूले खोजे जस्तो सामग्री नभएको भन्दै काठमाडौं बागबजारका व्यापारी शम्भु श्रीवास्तवलाई ६ घण्टा थुनाइन् । कुर्ता किन्न पसलमा छिरेकी उनले आफूले सोधेको प्रश्नको ठाडो उत्तर दिएको भन्दै व्यापारीलाई थुनाएकी थिइन् (*नागरिक दैनिक*, २०६७ भदौ २१, पृ. १)।
- सरकारले संसद्मा पेश गर्न लागेको बजेट बिना सहमति ल्याइएको भन्दै एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद्हरू राजकाजी महर्जन, लेखराज भट्ट, सूर्यमान दोङ, चन्द्रबहादुर थापाले अर्थमन्त्री सुरेन्द्र पाण्डेलाई संसद् भवनभित्रै हातपात गरे । घटनामा अर्थमन्त्री पाण्डेले पेश गर्न लागेको बजेटको ब्रिफकेश तोडफोड भयो । तोडफोडमा सरकारले बजेट मन्तव्यमार्फत प्रस्तुत गर्न लागेको अति गोप्य कागजात समेत च्यातिए (*कान्तिपुर दैनिक*, २०६७ मंसिर ४, पृ. १)। यस घटनापछि सरकारले संसदीय अधिवेशन अन्त्य गरी अध्यादेशमार्फत बजेट ल्याउनुपरेको थियो ।
- एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् खड्गबहादुर विश्वकर्मालाई अस्थायी नम्बरप्लेट राखी चोरीको गाडी चलाएको भन्दै प्रहरीले पक्राउ गऱ्यो । विश्वकर्माले प्रयोग गरेको बा. ००१ अ. ३४ नं. को गाडी भन्सार छलेर ल्याइएको हुन सक्ने आशङ्कामा प्रहरीले सवारी र नेता विश्वकर्मालाई पक्राउ गरेको थियो (*नागरिक दैनिक*, २०६७ पुस १६, पृ. १)। सवारी साधन नियन्त्रणमा रहेको पाँच दिनपछि गृह मन्त्रालय र महानगरीय आयुक्तको कार्यालयको दबाबमा उनलाई प्रहरीले गैरकानुनी हैसियतको सवारी फिर्ता गरेको थियो (*नागरिक*, *दैनिक* २०६७ पुस २१, पृ. १)।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सभासद् किरण देवी यादवले आफ्नो सट्टामा एसएलसी परीक्षा दिन छोरीलाई पठाइन् (*कान्तिपुर दैनिक*, २०६७

चैत १४, पृ. १)। सर्लाहीको बरहथवा परीक्षा केन्द्रबाट परीक्षा दिन लागेकी उनले नक्कली परीक्षार्थीमार्फत परीक्षा दिएको भनी व्यापक आलोचना भएपछि अर्को दिन आफैं उपस्थित भएर परीक्षा दिएकी थिइन् (*कान्तिपुर दैनिक,* २०६७ चैत १५, पृ. १)। परीक्षामा नक्कली परीक्षार्थीको प्रयोग गरेर विवादमा तानिएकी उनले पूरै परीक्षा भने दिइनन् (*कान्तिपुर दैनिक,* २०६७ चैत १६, पृ. ८)। यादव जस्तै एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् प्रेमबहादुर पुलामीले पनि एसएलसी परीक्षा दिन अर्कै व्यक्तिलाई प्रयोग गरे। रौतहटको चन्द्रनिगाहपुर स्थित जनज्योति उच्च माविबाट एसएलसी फारम भरेका पुलामीले मकवानपुर नामटार ८ का २५ वर्षीय साहित्य स्याङतानलाई परीक्षा दिन लगाएका थिए (*नागरिक दैनिक,* २०६८ चैत १६, पृ. १)।

- सभासद्हरूले आफूले विभिन्न पदमा आसीन रहँदा प्राप्त गरेको सुविधालाई पद छोड्दा पनि फिर्ता गरेनन्। तराई मधेश लोकतान्त्रिक पार्टी नेपालका महेन्द्र यादव र दानबहादुर चौधरी मन्त्री हुँदा लिएको सुविधा खोस्नका लागि सरकारले प्रहरीलाई निर्देशन नै दिनुपरेको थियो (*कान्तिपुर दैनिक,* २०६७ चैत २१, पृ. १३)। त्यस्तै आफू पदमा बहाल हुँदा चढेको गाडी बहिर्गमन हुँदा लान नमिल्ने भन्दै संसद्को सार्वजनिक लेखा समितिले नेपाल कम्युनिष्ट पार्टी (एमाले) का भीम रावल, नेपाली कांग्रेसका पूर्णबहादुर खड्का र रामचन्द्र पौडेलले उपभोग गरिरहेको गाडी सुविधा खोस्नका लागि सरकारलाई पत्राचार गरेको थियो (*कान्तिपुर दैनिक,* २०६८ वैशाख ३०, पृ. १)।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सभासद् ल्हारक्याल लामा अर्थ राज्यमन्त्री हुने बित्तिकै विवादमा तानिए। उनलाई विभिन्न तीन देशका नागरिकता प्रमाणपत्रहरू साथमा राखेको आरोप लागेको थियो (*नागरिक दैनिक,* २०६८ वैशाख ५, पृ. २) विभिन्न देशको नागरिकता बोक्ने गरेका लामाले चीन तथा तिब्बती शरणार्थीका लागि खबर आदानप्रदान गर्ने गरेका थिए (*कान्तिपुर दैनिक,* २०६८ वैशाख ७, पृ. १)। चौतर्फी आलोचनामा परेपछि लामाले अर्थ राज्यमन्त्रीको पदबाट राजीनामा दिएका थिए (*कान्तिपुर दैनिक,* २०६८ वैशाख ९, पृ. १)।
- कपिलवस्तुको कृष्णनगरस्थित घरमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी

(माओवादी) की सभासद् इन्द्रमती यादव विद्युत् चोरी गर्दागर्दै पक्राउ परिन्। विद्युत् चुहावट नियन्त्रणका लागि गएको टोलीले उनको घरमा हुकिङ गरी बिजुली बालेको भेटेपछि पक्राउ गरेको थियो। उनलाई तत्कालै तीन हजार रुपैयाँ जरिवाना तिराई छोडिएको थियो (*नागरिक दैनिक,* २०६८ वैशाख २०, पृ. २)।

- फोरम लोकतान्त्रिकका सभासद् एवं रक्षामन्त्री शरतसिंह भण्डारीले काठमाडौंमा भएको एक कार्यक्रममा बोल्दै तराई टुक्रन कसैले रोक्न नसक्ने अभिव्यक्ति दिएका थिए (*नागरिक दैनिक,* २०६८ असोज १०, पृ. १)। उनको यो अभिव्यक्तिलाई लिएर देश तथा सदनमा व्यापक विरोध भएको थियो। विरोधपछि उनले राजीनामा दिए। (*नागरिक दैनिक,* २०६८ कात्तिक ३, पृ. १)।
- २०६८ चैत ५ गते सद्भावना पार्टीका सभासद् एवं स्वास्थ्य राज्यमन्त्री सरोजकुमार यादव मादक पदार्थ सेवन गरी वीर अस्पतालमा पुगे। उनले त्यहाँ रहेका चिकित्सक तथा अन्य बिरामी कुरुवाहरूलाई दुर्व्यवहार गरे (*कान्तिपुर दैनिक,* २०६८ चैत ६, पृ. १)। यस घटनाको विवरण संकलनका लागि अस्पतालमा पुगेका पत्रकारहरूलाई पनि उनले दुर्व्यवहार गरेका थिए (*सौर्य दैनिक,* २०६८ चैत ६, पृ. १)।
- व्यापारी पवन साँघाईको अपहरण आरोपमा अदालतबाट कसूर ठहर भई जेल चलान भएका सद्भावना आनन्दीदेवीका सभासद् श्यामसुन्दर गुप्ताले जेलभित्रैबाट तलब माग गरे। संसद् सचिवालयका कर्मचारीहरूलाई फोन गरेर गुप्ताले तलब बैङ्कमा जम्मा गरिदिन आग्रह गरेका थिए (*कान्तिपुर दैनिक,* २०६८ चैत २८, पृ. १)।
- आफ्नो घर बहालमा लगाए बापत राज्यलाई कर तिर्नुपर्ने नियम छ, तर सद्भावना पार्टीका सभासद्हरू राजेन्द्र महतो र अनिल झा, एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सूर्यबहादुर सेन, मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का तिलक रावल, नेपाली कांग्रेसका राधेश्याम अधिकारी र नवीन्द्रराज जोशी, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) का हृदयेश त्रिपाठीले उपत्यकामा भएको घर भाडामा लगाएर पनि घरबहाल कर नतिरेको समाचार प्रकाशित भएको थियो (*सौर्य दैनिक,* २०६९ वैशाख २०, पृ. १)।

- मधेशी जनअधिकार फोरमका सभासद् मोहम्मद अकवाल अहमद साह र सुरिताकुमारी साहबीच संविधानसभा भवनमा कुटाकुट भएको थियो (*सौर्य दैनिक*, २०६९ जेठ ६, पृ. १)। तीन दलले सहमति गरेको ११ प्रदेशप्रति असहमति जनाउँदै हस्ताक्षर गर्ने वा नगर्ने भन्ने विषयमा विवाद हुँदा यी दुई सभासद्बीच कुटाकुट भएको थियो (*अन्नपूर्ण पोष्ट*, २०६९ जेठ ६, पृ. २)।

पदीय दुरूपयोग

यस शीर्षक अन्तर्गत सभासद्हरूले सार्वजनिक पदको आडमा सर्वसाधारणलाई सास्ती दिने, अपराधीहरूको संरक्षण गर्ने, आफन्तलाई सुविधा दिलाउन दबाब दिने, परिवारका सदस्यहरूलाई राजनीतिक नियुक्ति प्रदान गर्ने, कर्मचारीहरूमाथि हातपात गर्ने, सरकारी सम्पत्ति कब्जा गरेको, सित्तैमा पेट्रोल लिएको, व्यक्तिगत रिसइबीका कारण दूतावासलाई असहयोग गरेको, शुभकामना कार्डमा पैसा बाँडेको, विशिष्ट पदमा हुँदा आफू विरुद्धको मुद्दा गुपचुप फिर्ता लिएको, प्रिपेड घूस लिएको, अपराधीको मुद्दा फिर्ता लिन दबाब दिएको, राहदानीको दुरुपयोग गरेको, अन्यत्र देशको नागरिकलाई नागरिकताको सिफारिस गरेको, अपराध र अपराधीको संरक्षण गरेको जस्ता विषय समेटिएको छ ।

- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् एवं वन तथा भू-संरक्षण मन्त्री मातृका यादवले ललितपुरका स्थानीय विकास अधिकारी डण्डुराज घिमिरेलाई जिल्लामा ढुङ्गाखानी सञ्चालनको विषयलाई लिएर कार्यालयको शौचालयमा थुने । यसलाई उनले सगर्व रूपमा लिँदै अन्यलाई पनि थुनिदिने धम्की दिए । (*नेपाल समाचारपत्र,* २०६५ असार ५, पृ. १) ।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सभासद् एवं प्रधानमन्त्री माधवकुमार नेपालले भाइ विनोद उपाध्याय नेपाललाई हङकङको महावाणिज्यदूतमा नियुक्त गरेका थिए । व्यापार प्रवर्द्धन गर्ने कामका लागि प्रधानमन्त्री नेपालले मेकानिकल इन्जिनियर भाइलाई परम्परा तथा प्रक्रिया उल्ट्याएर महावाणिज्यदूत पदमा नियुक्त गरेका थिए (*नागरिक दैनिक,* २०६६ कात्तिक १३, पृ. १) । यति मात्र नभई उनले अर्का भाइ सरोजकुमार उपाध्यायलाई अनाधिकृत रूपमा सरकारी गाडी उपलब्ध गराएका थिए। सरकारी कार्यालय तथा योजनाको अनुगमनका लागि गठन गरिएको संयन्त्रका सबै सदस्यहरूलाई भनेर सरकारले उपलब्ध गराएको गाडी प्रधानमन्त्रीको निर्देशनमा उनका भाइले एकलौटी रूपमा प्रयोग गर्ने गरेको समाचार प्रकाशित भएको थियो (*कान्तिपुर दैनिक,* २०६६ चैत

३०, पृ. ३)। एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् एवं प्रधानमन्त्री बाबुराम भट्टराईले गरिबी निवारण कोषमा आफ्ना भाइबुहारी दुर्गा न्यौपानेलाई नियुक्त गरेका थिए। स्रोतका अनुसार भट्टराईको जोडबलले न्यौपानेलाई कोषमा नियुक्ति दिइएको थियो (*सौर्य दैनिक,* २०६८ चैत २६, पृ. १)।

- नेपाली कांग्रेसका सभासद् बादशाह कुर्मीले बाँके परसपुरकी एकल महिला निर्मला कुर्मीको सम्पत्तिमा कब्जा जमाउन खोजेको भन्दै निर्मलाले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकी थिइन् (*कान्तिपुर दैनिक,* २०६६ कात्तिक २, पृ. २)। सभासद् विरुद्ध उजुरी दिएका कारण उनले विस्थापित हुनुपरेको थियो। (*कान्तिपुर दैनिक,* २०६६ चैत १, पृ. ८)।
- एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् सुन्दरा थारूले बर्दिया राष्ट्रिय निकुञ्जको जग्गामा दलबल सहित पुगेर अतिक्रमणको प्रयास गरेका थिए। प्रहरीले यस कार्यका लागि थारूसँगै आएका कार्यकर्ताहरूलाई रोक्न खोज्दा केही घाइते समेत भएका थिए (*नयाँ पत्रिका,* २०६६ पुस २, पृ. ४)।
- मधेशी जनअधिकार फोरम लोकतान्त्रिकको तर्फबाट संविधानसभामा प्रतिनिधित्व गर्ने सभासद् एवं कृषि राज्यमन्त्री करिमा बेगमले आफूलाई लिन पुरानो सवारी साधन पठाएको भन्दै आफ्नो गृह जिल्ला पर्साका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारीलाई थप्पड लगाइन् (*कान्तिपुर दैनिक,* २०६६ कात्तिक २५, पृ. २)। यसका बारेमा उनले तत्कालै पत्रकार सम्मेलन गरी आफूले हातपात गरेको स्वीकार गरिन् (*अन्नपूर्ण पोष्ट,* २०६६ कात्तिक २५, पृ. १)। कारबाहीका लागि प्रहरीले बेगम विरुद्ध पक्राउ पुर्जी जारी गरे पनि उनलाई पक्राउ भने गरिएन (*नागरिक दैनिक,* २०६६ कात्तिक २६, पृ. १)।
- नेपाली जनता दलका सभासद् गायत्री शाहले निजी भ्रमणका लागि बेलायत पुगेका आफ्ना बाबुआमालाई लन्डन स्थित नेपाली दूतावासबाट खानबस्न र यातायात सुविधा दिलाइदिन माग राख्दै परराष्ट्र मन्त्रालयमा दबाब दिएकी थिइन् (*अन्नपूर्ण पोष्ट,* २०६६ पुस ४, पृ. १)। बाबु पार्टीको अध्यक्ष भएको भन्दै सभासद् शाहले २१ दिन खानबस्न र गाडी

उपलब्ध गराउन दबाब दिएकी थिइन् (*नागरिक दैनिक,* २०६६ पुस ४, पृ. १)।

- सञ्चार उद्यमी जमिम साहको हत्या आरोप लागेका भारतीय नागरिक बब्बु भनिने दीपक शाहीलाई नागरिकता दिनका लागि मधेशी जनअधिकार फोरमका सभासद् मोहम्मद अकवल अहमद साहले सिफारिस गरेका थिए। बाबु भारतमा बस्ने गरे पनि शाही सानैदेखि नेपालमै बस्ने गरेकाले नागरिकताको सिफारिस गरेको सभासद् साहले बताएका थिए (*कान्तिपुर दैनिक,* २०६६ चैत १६, पृ. १)।
- कूटनीतिक प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने राहदानी एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद्द्वय जनार्दन शर्मा र वर्षमान पुनले निजी भ्रमणका सिलसिलामा समेत प्रयोग गरेको समाचार प्रकाशित भएको थियो (*नागरिक दैनिक,* २०६७ कात्तिक ९, पृ. १)।
- सद्भावना पार्टीका सभासद् राजेन्द्र महतोले नेपाल आयल निगमबाट सित्तैमा पेट्रोल लिने गरेका थिए। वाणिज्य तथा आपूर्ति मन्त्री समेत रहेका महतोले नियमित रूपमा आयल निगमबाट सित्तैमा तेल लिने गरेको निगमका महाप्रबन्धक दिगम्बर झाले लेखा समितिको बैठकमा बताएका थिए (*कान्तिपुर दैनिक,* २०६७ पुस १२, पृ. ११)।
- सभासद्लाई सरकारले उपलब्ध गराउने कूटनीतिक राहदानी (रातो पासपोर्ट) बिक्री गर्ने गरेको खुलासा भएपछि केही सभासद्हरू पक्राउ परेका थिए। नेपाली जनता दलका गायत्री शाह र मधेशी जनअधिकार फोरमका बीपी यादवमाथि अनुसन्धान भइरहेका बेला मधेशी जनअधिकार फोरमका सभासद् शिवपुजन रायको कूटनीतिक राहदानी प्रयोग गरी अर्कै मानिस अस्ट्रेलिया पुगेको समाचार प्रकाशन भएको थियो (*नागरिक दैनिक,* २०६७ चैत १, पृ. ३)। त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सभासद् नारदमुनि राना पनि कूटनीतिक राहदानी दुरुपयोग गरेको आशङ्कामा अनुसन्धानको घेरामा तानिएका थिए (*कान्तिपुर दैनिक,* २०६७ चैत २९, पृ. १)। अनुसन्धानबाट आवश्यक प्रमाण प्राप्त भएको भन्दै प्रहरीले जनता दलकी गायत्री शाह र मधेशी जनअधिकार फोरमका बीपी यादवलाई पक्राउ गरेको थियो (*कान्तिपुर दैनिक,* २०६८ वैशाख ७, पृ. १)। दुई जना हिरासतमा रहेको बेला मधेशी जनअधिकार

फोरमका चार जना सभासद् रम्भादेवी, राम सहायप्रसाद यादव, सलमा खातुन, शिवपुजन राय यादव र फोरम लोकतान्त्रिकका करिमा बेगम र सञ्जयकुमार साहमाथि पनि पासपोर्ट दुरुपयोग गरेको आशङ्कामा प्रहरीले अनुसन्धान सुरु गरेको थियो (*कान्तिपुर दैनिक*, २०६८ वैशाख २६, पृ. १)।

- एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् हरिलाल थापाले डडेलधुरा जिल्लाको स्यालचौडी माविका प्रधानाध्यापक महादेव भट्टमाथि विद्यालय बैठकमा अभिभावककै सामु कुटपिट गरी राजीनामा गर्न लगाए (*कान्तिपुर दैनिक*, २०६८ असार ९, पृ. १)।
- दलित जनजाति पार्टीका सभासद् विश्वेन्द्र पासवानले छोरीले आफूभन्दा तल्लो जातको केटासँग बिहे गरेपछि ज्वाईं राजलाल मण्डल खंगलाई अपहरणको आरोप लगाई प्रहरीमा थुनाएका थिए। पासवानकी छोरी विद्याले प्रेम विवाह गरेर पोखरा पुगेका मण्डललाई आफ्ना बाबुले अपहरणको उजुरी दिएर थुनाएको बताएकी थिइन् (*कान्तिपुर दैनिक*, २०६८ साउन ६, पृ. १)।

- २०६८ सालको दशैंको मुखमा सद्भावना पार्टीका सभासद् एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री राजेन्द्र महतोले आफ्नै निवासमा पत्रकार बोलाएर शुभकामना खाम दिए। शुभकामना कार्ड ठानेर खाम स्वीकार गरेका पत्रकारले त्यसभित्र पाँच हजार रुपैयाँ भेटेपछि मन्त्रीका प्रेस सल्लाहकार निमेश कर्णलाई रकम फिर्ता दिए (*नागरिक दैनिक*, २०६८ असोज १५, पृ. २)। यस कार्यका लागि पत्रकार महासंघले मन्त्रीलाई कारबाहीको माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आग्रह गरेको थियो। पत्रकारहरूलाई पाँच देखि आठ हजार रुपैयाँ बाँडेर आफ्ना पक्षमा प्रभावित गर्न खोजिएको भन्दै महासंघले उक्त कार्यको विरोध गरेको थियो (*कान्तिपुर दैनिक*, २०६८ असोज १६, पृ. २)।
- मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका सभासद् एवं वनमन्त्री मोहम्मद वकिल मुसलमानको निर्देशनमा भैरहवामा प्रहरीले पक्राउ गरेको रक्तचन्दन तस्करीमा संलग्नहरूलाई सफाइ दिई निर्दोषलाई फसाउन खोजिएको समाचार प्रकाशन भएको थियो। प्रहरीले बुझाएको कागजका आधारमा मुद्दा दर्ता गर्नुपर्नेमा मन्त्रीको निर्देशनमा जिल्ला वन कार्यालयले मुद्दा फरक पारी अदालतमा दायर गरेको थियो (*नागरिक दैनिक*, २०६८ असोज २८, पृ. ४)।
- मधेशी जनअधिकार फोरमका सभासद् प्रमोद गुप्ता सहितको समूहले आफ्नो काठ रोकिएको भन्दै बाराको जिल्ला वन कार्यालयका जमदार शम्भु यादवमाथि हातपात गरे। हातपातबाट घाइते कर्मचारी गुप्ताको उपचारका लागि उनलाई नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा भर्ना गरिएको थियो (*कान्तिपुर दैनिक*, २०६८ कात्तिक २०, पृ. ३)।
- एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् हिसिला यमीले काठमाडौं खानेपानी लिमिटेडमा आफ्नी दिदी तिमिला यमीलाई प्रमुख बनाउन दबाब दिएकी थिइन्। संस्थानमा शेयर

चित्र ६: पदीय दुरुपयोग



रहेका काठमाडौं महानगरपालिका तथा ललितपुर उपमहानगरपालिकाका प्रतिनिधि नै फेरेर भए पनि तिमिलालाई अध्यक्ष बनाउन उनले दबाब दिएकी थिइन् (*नागरिक दैनिक,* २०६८ मंसिर ७, पृ. ४)।

- तराई मधेश लोकतान्त्रिक पार्टी नेपालका सभासद् एवं सिँचाइमन्त्री महेन्द्र यादवले कार्यक्रम स्वीकृत गर्दा 'प्रिपेड घूस' लिने गरेको समाचार प्रकाशन भएको थियो (*नागरिक दैनिक,* २०६८ मंसिर २८, पृ. १)। ठूला आयोजना वा डिभिजन कार्यालयमा बस्न चाहनेले सम्बन्ध 'रिचार्ज' गर्नुपर्ने भन्दै मन्त्रीबाट रकम माग भएपछि सो काम रोक्न भन्दै केही इन्जिनियर प्रधानमन्त्रीसँग गुहार माग्न पुगेका थिए (*नागरिक दैनिक,* २०६८ मंसिर १२, पृ. १)। कार्यक्रम स्वीकृत गराउन रकम माग गरेका कारण मन्त्रालय अन्तर्गत हुने कामकारबाही ढिलो भएको भन्दै अख्तियारले मन्त्रालयका सबै काम तीन दिनभित्र स्वीकृत गर्न मन्त्री यादवलाई अल्टिमेटम दिएको थियो (*नागरिक दैनिक,* २०६८ मंसिर १२, पृ. ३)।
- मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका सभासद् एवं गृहमन्त्री विजय गच्छदारले ज्यान मार्ने उद्योगमा पाँच वर्ष कैद सजाय सुनाएका जयराज लिम्बूलाई संरक्षण प्रदान गरेका कारण प्रहरीले पक्राउ गर्न सकेन। गच्छदार विराटनगर जाँदा लिम्बू उनीसँगै उठबस गरेको प्रहरीले नदेखे झैं गर्ने गर्दथ्यो (*नागरिक दैनिक,* २०६८ माघ २५, पृ. १)। गृह मन्त्रालयका प्रवक्ता शंकर कोइरालाले यस घटनामा आफूलाई केही थाहा नभएको प्रतिक्रिया दिएका थिए (*नागरिक दैनिक,* २०६८ माघ २६, पृ. १)।
- प्रधानमन्त्री बाबुराम भट्टराईले आफू विरुद्ध लागेका मुद्दाहरूका साथै आफ्नो पार्टीसम्बद्ध व्यक्तिहरूलाई लागेका मुद्दाहरू मन्त्रिपरिषद्मार्फत गुपचुप रूपमा फिर्ता गर्न लगाएका थिए। जसमा गम्भीर प्रकारका फौजदारी अभियोग समेत रहेका थिए (*सौर्य दैनिक,* २०६८ फागुन २०, पृ. १)।
- मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका रूपन्देही जिल्ला क्षेत्र नं. ७ का सभासद् एवं वनमन्त्री मोहम्मद वकिल मुसलमानले काठको बढी कारोबार हुने आर्कषक जिल्लामा कर्मचारी सरुवा गरिदिने भन्दै रु. १०

देखि ३० लाखसम्म रकम माग गरेका थिए। केही कर्मचारीहरूसँग उनले पैसा समेत लिएको विशेष स्रोतलाई उद्धृत गर्दै समाचार प्रकाशन भएको थियो (*सौर्य दैनिक,* २०६८ फागुन २९, पृ. १)।

- प्रधानमन्त्री बाबुराम भट्टराई, गृहमन्त्री विजयकुमार गच्छदार र सिँचाइमन्त्री महेन्द्र यादवले सिराहाको ज्यान मुद्दामा पक्राउ परेका उदयकुमार अडगडीया (यादव) लाई उन्मुक्ति दिन कानुन तथा न्यायमन्त्री बृजेशकुमार गुप्तालाई व्यापक दबाब दिएका थिए। मन्त्री गुप्ताले *सौर्य दैनिक*सँगको कुराकानीमा विभिन्न पाँचवटा मुद्दाको आरोप लागिरहेका व्यक्तिलाई छाड्न व्यापक दबाब आएका कारण आफू समस्यामा परेको बताएका थिए (*सौर्य दैनिक,* २०६८ चैत ८, पृ. १)।

अनुसूची

अनुसूची १

आदरणीय मतदाता, आगामी मंसिर ४ गते हुने संविधानसभा निर्वाचनमा तपाईंको गाउँ, घर, टोलमा विभिन्न राजनैतिक दलसँग सम्बद्ध तथा स्वतन्त्र उम्मेदवारहरू भोट माग्न आउने छन् । यसरी आउने उम्मेदवारहरूलाई तलका प्रतिबद्धताहरूमा सहमत गराउनुहोस् र एक प्रतिमा लिखित सही गराउनुहोस् । यति गर्न सकियो भने उनीहरूलाई जनताप्रति उत्तरदायी बनाउन एउटा आधार तयार हुनेछ ।

- म संविधानसभा बैठक कक्षका माइक भाँच्दिन, कुर्सी तोड्दिन, झ्यालबाट बाहिर फाल्दिन ।
- म संसद् र संविधानसभा बैठकमा बजेट मन्तव्य र सरकारी कार्यक्रम रहेको ब्रिफकेश तोडफोड गर्दिन ।
- म आफ्ना सहकर्मी माननीयज्यूहरूमाथि बैठक संसद् कक्षमा र कक्ष बाहिर पनि हातपात गर्दिन ।
- म चोरीको गाडीमा नक्कली नम्बरप्लेट राखी प्रयोग गर्दिन ।
- म जुवाखाल/क्यासिनोमा जान्न, तासजुवा पनि खेल्दिन र नेपालीको बास उठाउने क्यासिनो/जुवाखालको संरक्षण पनि गर्दिन ।
- म रेडलाइट एरिया वा अन्य यस्ता क्षेत्रमा प्रवेश गरी महिला/पुरुष यौनकर्मीसँग कुनै कारोबार गर्दिन ।
- म रक्सीले मातेर सडकमा आफ्नो पद, मर्यादा र छातीमा टाँसेको लोगोको आफैं बेइज्जत गर्दिन ।
- म मान्छे विदेश पठाइदिन्छु भनेर पैसा खाने दलाली काम गर्दिन, प्रहरी, सेनामा जागिरका लागि नाम निकालिदिन्छु भनी घूस लिन्न ।
- म संसद् सुविधा बापत प्राप्त गरेको कूटनीतिक सुविधाको रातो पासपोर्ट बेचेर कमाउन लाग्दिन ।
- म मन्त्री भएँ भने कुनै सरकारी कार्यक्रम स्वीकृत गर्दा 'प्रिपेड' घूस माग्दिन ।
- मसँग दोहोरो राहदानी नेपाली र भारतीय र परिचयपत्र भारतीय रासन कार्ड तथा तिब्बती शरणार्थी परिचयपत्र छैन ।
- म मन्त्री वा अन्य लाभको पद पाइन भने प्रत्येक सिजनमा दल अदलबदल गर्दिन ।
- म आफ्नो पदीय हैसियतको दुरुपयोग गरी सामुदायिक तथा सरकारी वन फाँड्दिन, अरूलाई फाँड्न उत्प्रेरित गर्दिन र फाँड्नेहरूको बचाउ गर्दिन । राज्यशक्ति, साधनस्रोतको दुरुपयोग गर्दिन ।

- म आफ्नो पदीय हैसियतको ख्यालै नगरी हुक प्रयोग गरी वा अन्य कुनै पनि तरिकाले विद्युत् चोरी गर्दिन ।
- म कुनै पनि तहको परीक्षामा सहभागी हुँदा आफैं परीक्षा दिन्छु, परीक्षा दिनलाई 'खेताला' प्रयोग गर्दिन ।
- म कुनै पनि डन (अपराधी) को संरक्षण गर्दिन, तिनीबाट आर्थिक सहयोग लिन्न, थुनामा परेको बेलामा जमानी बस्दिन, तिनीहरूलाई छुटाउनका लागि धरौटी रकम जम्मा गर्न चन्दा माग्दै हिँड्दिन र मेरा पार्टीमा भएका डनलाई कानुनी कारबाहीका लागि प्रहरीको जिम्मा लगाउँछु ।
- म आफूसम्बद्ध दलको नेता वा कार्यकर्ता भएको आधारमा अपराध र अपराधीको संरक्षण गर्दिन ।
- म राज्यले कुनै पनि कामकारबाहीका लागि म वा मेरा नेता कार्यकर्ता तथा आफन्तलाई कानुन बमोजिम नियन्त्रणमा लिँदा आन्दोलन गर्दिन, राज्यले गर्न लागेको अनुसन्धानमा सहयोग गर्छु ।
- म सरकार बनाउने र भत्काउने खेलमा सांसद् खरिद बिक्री गर्न विदेशीसँग रकम माग्दिन ।
- म पदको दुरुपयोग गरी मानिस अपहरण गर्दिन र फिरौती माग्दिन ।
- म जिउँदी श्रीमती/जिउँदो श्रीमान्लाई मरेको र मारिएको भन्ने सिफारिस बनाई द्वन्द्वपीडित बापतको सुविधाको रकम लिन्न । कागजात मिलाई राज्यको स्रोत दुरुपयोग गर्दिन ।
- म संविधान बनाउने कामलाई पहिलो प्राथमिकतामा राख्छु। यो काम छोडेर सरकारलाई अस्थिर बनाउन सरकार विरुद्ध ल्याएको अविश्वासको प्रस्ताव लगायतका अन्य कामकारबाहीमा सरिक हुन्न, सही गर्दिन ।
- म 'ठूला' नेताको छायाँमा बसी संविधानसभामा आफ्नो विवेक प्रयोग गर्न पनि नपाउने अवस्थालाई मलजल गर्दिन। त्यस्तो अवस्था सल्टाउनका लागि आफ्नो तर्फबाट पहल गर्छु ।
- म सरकार बनाउने भत्काउने बेलामा सुरासुन्दरीको साथमा होटलमा बन्धक बन्दिन र नक्कली बिरामी बनेर सरकारी सुविधा र राज्यलाई आर्थिक भार पार्ने टिकट लिएर बिना काममा विदेश उड्दिन ।
- म संविधानसभा संसद्मा कुनै विषयमा मतदान हुँदा निर्णय नै हुन नदिने गरी तटस्थ बस्दिन ।
- म मेरा विरुद्ध कुनै फौजदारी अभियोग लाग्यो भने काठमाडौं उपत्यकाभित्रै फरार हुन्न । अभियोग प्रमाणित भई कैदको फैसला भएमा राज्यको कानुन

अनुसार कारबाही भोग्छु । थुनामा बसेको वा फरार भएको बेला संसद् सचिवालयबाट नियमित भत्ता तथा अन्य सुविधा लिन्न, सुविधाका लागि संसद् सचिवालयमा दबाब दिन्न ।

- मैले विगतमा गरेको अपराध वा भोलि पनि कुनै फौजदारी अपराध गरें भने सो बापतको मुद्दामा सजाय पाएँ भने संसद् र सुरक्षाकर्मीकै वरिपरि घुमेर बस्दिन कानुनको सम्मान गर्दै जेल जान्छु ।
- म जिल्ला जाँदा राम्रो र चिल्लो गाडी नभएको निहुँमा प्रमुख जिल्ला अधिकारी तथा अन्य सरकारी कर्मचारीलाई हातपात गर्दिन ।
- म नक्कली बिल बनाएर कामै नगरी वा फरक काम गरेर निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकम दुरुपयोग गर्दिन ।
- म आफन्त, आफैं वा आफ्नो पार्टीका नेता तथा कार्यकर्तालाई असर पर्ला भनेर देशलाई दीर्घकालीन फाइदा गर्ने कानुनको मस्यौदा विधेयकको विरोध गर्दिन ।
- म तोकिएको समयमा संविधान बनाउन सकिएन भने अवैध र जनमतको विरुद्ध हुनेगरी संविधानसभाको म्याद थप्ने निर्णयमा सही गर्दिन। नैतिकताको आधारमा राजीनामा दिन्छु ।
- म जस्केलाबाट विकास कार्यक्रम आफ्नो गाउँ र निर्वाचन क्षेत्रमा मात्र लैजान्न । आवश्यकता र प्राथमिकताको आधारमा समग्र जिल्ला र देशकै विकासका लागि कार्यक्रम बनाउन सहयोग गर्छु ।
- म निर्वाचित भएर गएपछि आफ्नो क्षेत्रलाई बिर्सिन्न। कम्तीमा दुई महिनामा एक पटक आफ्नो निर्वाचन क्षेत्रमा आउँछु ।
- म संविधानका विवादित विषयहरूमा जुन पार्टीबाट निर्वाचित भएको हुँ त्यसै पार्टीको लाइन अनुसार मत जाहेर गर्छु ।
- म संविधानसभामा कुनै पनि काम नगर्ने तर जनतामा सबै काम गरेको छु भनेर गलत भाषण गर्दिन ।
- म आफ्नो हैसियत बिर्सेर विदेशी राष्ट्रका आफूभन्दा कनिष्ठ प्रतिनिधिहरूहरूसँग राजनैतिक भेटघाट गर्दिन। तिनीहरूलाई देशको आन्तरिक मामिला मिलाइदेउ भनेर देशमा हस्तक्षेप निम्त्याउने वातावरण बनाउन्न ।
- म निर्वाचन पूर्व जुन पेशामा आबद्ध थिएँ। निर्वाचनपछि पहिलेकै वा अन्य कुनै पेशामा फर्कन्छु र श्रमको सम्मान गर्ने समाज निर्माणमा सहभागी हुन्छु ।

अनुसूची २: अनुत्तरदायी

अनुसूची २.१: पेश्की बुझेर जिल्ला नपुग्ने सभासद्हरू

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी): ललिताकुमारी शाह, शान्तीदेवी राजवंशी, बाबुलाल पासवान, विमला मिजार, टेकेन्द्र भट्ट, महालक्ष्मी श्रेष्ठ, नारायणकाजी श्रेष्ठ, चन्द्रबहादुर थापा, मातृकाप्रसाद यादव, जगतप्रसाद यादव ।

नेपाली कांग्रेस: बलदेव शर्मा मजगैंया, मिनेन्द्र रिजाल, सावित्री सिंह, अच्युतराज पाण्डे, प्रदीप गिरी, दिवाकर गोल्छा, गिरिजाप्रसाद कोइराला, तुलसी सुब्बा ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले): सरला यादव, गोविन्दराम प्रजा, महेश चौधरी
मधेशी जनअधिकार फोरम: सलमा खातुन, हरिनारायण यादव, मोहम्मद इश्तियाक राई ।

मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक): दुर्गादेवी महतो, तिलक रावल, शरतसिंह भण्डारी ।

तराई मधेश लोकतान्त्रिक पार्टी: महन्थ ठाकुर, जयप्रकाश यादव, अरविन्द शाह ।

नेपाल सद्भावना पार्टी आनन्दीदेवी: मोतीलाल दुगड, सरिता गिरी ।

सद्भावना पार्टी: खोभारी राय यादव ।

नेपाली जनता दल: विश्वनाथ प्रसाद अग्रवाल ।

स्वतन्त्र: बबन सिंह ।

अनुसूची २.२: सम्पत्ति विवरण नबुझाउने सभासद्हरू

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी): आङदावा शेर्पा, हलिना खातुन, मंगल विक, नरबहादुर विष्ट, शारदा घिमिरे, जुनुकुमारी रोका, सत्या पहाडी, देवी खड्का, इन्द्रजित थारु, लक्ष्मणदत्त जोशी, अमिलाल झाँगड, कुमारी मोक्तान, भरत प्र. शाह, रामकुमार शर्मा, नन्दकुमार प्रसाईं, सिद्धार्थकुमार सोमानी, भीष्म धिमाल, विश्वदिप लिंदेन, विमला सुवेदी, चिनक कुर्मी, नरेश भण्डारी, माया प्र. शर्मा, भक्त बहादुर शाह, रूपा विक, गुणाखर बस्याल, दीपकबहादुर के.सी., जगत प्रसाद यादव, सीता पोखरेल, राजकुमार श्रेष्ठ, दावा तामाङ, बुद्धिराम गुरुङ, राजकाजी महर्जन, विष्णुकुमारी राई, रामबहादुर थापा मगर, मोहन बहादुर खत्री, मणि किराँती, वीरमान चौधरी, कृष्णकुमार चौधरी, पुरन राना थारु, हरि ठकुल्ला, देवीलाल चौधरी, श्रामणेर आनन्द, पद्म ज्योती, सुशीला कन्दंवा, सञ्चपाल मादेन, भीमप्रसाद गौतम, चन्द्रबहादुर थापा, पुष्पविक्रम मल्ल, शालिग्राम जमकट्टेल, मातृकाप्रसाद यादव, हरिराज लिम्बू, धर्मप्रसाद घिमिरे ।

नेपाली कांग्रेस: कृष्णप्रसाद यादव, मो. अफताव आलम, मोहनप्रसाद पाण्डे, पुरुषोत्तम बस्नेत, मोहम्मद सिद्धिकी, विमला नेपाली, पुष्पा भुसाल (गौतम), वीरेन्द्र माझी, आमोदप्रसाद उपाध्याय, शेखर कोइराला, महालक्ष्मी अर्याल उपाध्याय, अमृतलाल राजवंशी, केशवकुमार बुढाथोकी, जगदीश्वर नरसिंह के.सी., रामशरण महत, सशांक कोइराला, महेन्द्रध्वज जिसी, ओमप्रकाश शर्मा, शम्भु हजारा दुसाध, रमेश रिजाल, प्रदीप गिरी, नारायण खड्का, दिवाकर गोल्छा, कृष्णा अमात्य, गगन थापा, अच्युतराज पाण्डे, चक्रबहादुर ठकुरी, तुलसी सुब्बा, रामचन्द्र पौडेल, रामसरोज यादव, महेन्द्र यादव, मिनाक्षी झा, विमलेन्द्र निधि, रामकृष्ण यादव ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले): रीमाकुमारी नेपाली, राधा ज्ञवाली, नेत्रप्रसाद पन्थी, हर्कबहादुर सिंह, रामचन्द्र प्यासी कुसवाहा, विभाकुमारी कार्की, विना ज्ञवाली, चिरञ्जीवी राम थारु, महेश चौधरी, शान्ता चौधरी, भैरे कामी, जोगीलाल यादव, डम्बर सिं सम्वाहाम्फे, राम रति राम, डोल्मा तामाङ, डी.बी. कार्की, झलनाथ खनाल, पासाङ शेर्पा, उषाकला राई, उर्मिलादेवी साह, रामचन्द्र झा, शत्रुघन महतो, लक्की शेर्पा, सपना प्रधान मल्ल ।

नेकपा माले: सीपी मैनाली, निलम के.सी. ।

नेकपा एकीकृतः राधादेवी तिमल्सिना ।

नेपाली जनता दलः गायत्री शाह ।

नेपाल लोकतान्त्रिक समाजवादी दलः लक्ष्मीलाल चौधरी ।

नेपाल सद्भावना पार्टी आनन्दीदेवीः मोतीलाल दुगड ।

दलित जनजाति पार्टीः विश्वेन्द्र पासवान ।

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालः कुन्तीकुमारी शाही ।

राष्ट्रिय प्रजातन्त्र पार्टीः सूर्यबहादुर के.सी. ।

स्वतन्त्रः बबन सिंह ।

अनुसूचीमा २.३ः संसद् छाडेर अन्य काममा जाने सभासद्हरू

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ः जयपुरी घर्ती, पम्फा भुसाल ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ः सपना प्रधान मल्ल, लक्की शेर्पा ।

अनुसूची २.४ः संविधानको विषयगत समितिको छलफलमा कुनै पनि विचार नराख्ने सभासद्हरू

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ः रामकुमार पासवान, सुन्दरा थारु, रुपा विक, टोपबहादुर रायमाझी, दुर्गीदेवी पासवान, मातृकाप्रसाद यादव, नारायणप्रसाद पौडेल, जगतप्रसाद यादव, पूर्णकुमारी सुवेदी, प्रजा खनाल, प्रमिलादेवी यादव, पुष्पकमल दाहाल, दिनानाथ शर्मा, भीष्म धिमाल, वीरेन्द्र जुहारचन, विष्णुकुमारी राई, लीलादेवी मेहता, ललिताकुमारी शाह, इन्द्रमती यादव, चन्दादेवी, कृष्णबहादुर महरा, धर्मप्रसाद घिमिरे, शारदा घिमिरे ।

नेपाली कांग्रेसः रामवती चौधरी, सावित्री सिंह, सुनदेवी जोशी, बालकृष्ण खाँड, बलदेव शर्मा मजगैंया, ओमप्रकाश शर्मा, मनमोहन भट्टराई, मुन्नीकुमारी गुप्ता, पूर्णकुमार शेर्मा, मिनाक्षी झा, वीरेन्द्र माझी, गिरिजाप्रसाद कोइराला, शिवचन्द्र मिश्र, इन्द्रबहादुर गुरुङ, उमाकान्त चौधरी, सशांक कोइराला, शेरबहादुर देउवा, शेखर कोइराला ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ः सुरेन्द्र पाण्डे, सुवासचन्द्र नेम्वाङ, डम्बरध्वज तुम्बाहाम्फे, दलबहादुर सुनार, माधवकुमार नेपाल, झलनाथ खनाल, प्रकाश पाखिन मधेशी जनअधिकार फोरमः रम्भादेवी, रामजनम चौधरी, सेवकीदेवी दाश, सन्ध्यादेवी, सलमा खातुन, ओमप्रकाश यादव, मृगेन्द्रकुमार सिंह यादव, मुगालाल महतो, मधुसुधन अग्रवाल, भीमराज चौधरी, निलम बर्मा, विजयकुमार यादव, विश्वनाथ प्रसाद यादव, शिवनारायण उराव, लक्ष्मण महतो, कौशलकुमार राय यादव, कलावती देवी दुसाध, मोहम्मद इश्तियाक राई ।

मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)ः रामवचन अहिर यादव, मुहम्मद वकील मुसलमान, विजयकुमार गच्छदार, शरतसिंह भण्डारी, शत्रुघनप्रसाद सिंह कोइरी ।

तराई मधेश लोकतान्त्रिक पार्टीः सलाहुद्धिन मुसलमान, महेन्द्रप्रसाद यादव, महन्थ ठाकुर, ईश्वर दयाल मिश्र, उर्मिला महतो कोइरी, कवीन्द्रनाथ ठाकुर ।

नेकपा मालेः दामोदर चौधरी, गणेशप्रसाद थारू, शारदा नेपाली ।

जनशक्ति पार्टीः फूलमतीदेवी चौधरी ।

नेमकिपाः नारायणमान बिजुक्छे ।

नेपाल सद्भावना पार्टी आनन्दीदेवीः श्यामसुन्दर गुप्ता ।

राष्ट्रिय प्रजातन्त्र पार्टीः बवितादेवी धोबी ।

सद्भावना पार्टीः सरोजकुमार यादव, मालामतीदेवी राना, महेशप्रसाद यादव, खोभारी राय यादव ।

अनुसूची ३: भ्रष्टाचार

अनुसूची ३.१: नक्कली बिल प्रयोग गर्ने मन्त्रीहरू

नेपाली कांग्रेस: उमाकान्त चौधरी ।

मधेशी जनअधिकार फोरम: करिमा बेगम ।

मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक): शत्रुघन प्रसाद सिंह कोइरी, सञ्जयकुमार साह ।

सद्भावना पार्टी: लक्ष्मणलाल कर्ण ।

अनुसूची ४: नैतिक प्रश्न

अनुसूची ४.१: पी.ए.को नामै नखुलाई तलब लिने सभासद्हरू

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी): जनार्दन शर्मा, विश्वभक्त दुलाल ।

नेपाली कांग्रेस: नरहरि आचार्य ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले): विष्णु पौडेल ।

सद्भावना पार्टी: राजेन्द्र महतो ।

नेकपा संयुक्त: चन्द्रदेव जोशी ।

नेकपा माले: सीपी मैनाली ।

नेकपा एकीकृत: परि थापा ।

तराई मधेश लोकतान्त्रिक पार्टी: हृदयेश त्रिपाठी ।

'तन्नेरी चासो' युवाहरूले समाज वा देशका बारेमा आफूलाई लागेका वा देखेका कुराहरू विश्लेषण गर्दै आफ्नो विचार अभिव्यक्त गर्ने साझा मञ्च हो ।

यसको प्रमुख उद्देश्य राजनीतिक तथा सार्वजनिक निकायहरूको निगरानी, सामाजिक तथा राजनीतिक विषयहरूमा तार्किक बहस र युवासँग प्रत्यक्ष सरोकार राख्ने नीतिगत सवालहरूमा विश्लेषण तथा छलफल गर्ने रहिआएको छ ।

Tanneri Chaso

9789937873130